- UBM India Private Limited द्वारा भारतको मुम्बईमा १९ र २० अगस्त २०१६ मा आयोजना गरिएको SATTE Mumbai 2016, Travel and Tourism Fair (TTF) 2016 Business and Luxury Travel Mart (BLTM) 2016 Express Tourism and Hospitality Expo 2016 मा पर्यटन व्यवसायी सहित सहभागी भई नेपालको पर्यटन प्रवर्द्धन गरिएको । जापानको टोकियोमा आयोजना गरिएको पर्यटन मेला JATA 2016 (२२-२५ सेप्टेम्बर) मा नेपालका निजी क्षेत्रका २ वटा निजी पर्यटन व्यवसायी कम्पनीहरु सहित सहभागी भई नेपालको पर्यटन प्रवर्द्धन गरिएको । नेपाल जापान दौत्य सम्बन्ध स्थापनाको ६० वर्ष पुगेको अवसरमा जापानी पर्यटकहरुलाई बिशेष छुटको व्यवस्था गरिएको । नेपाल पर्यटन बोर्ड तथा PATA Nepal Chapter को संयुक्त सहकार्यमा जाकार्तामा आयोजना गरिएको पर्यटन मेलामा नेपालको पर्यटन प्रवर्द्धन गरिएको ।
- छिमेकी मित्रराष्ट्र चीनको सियान शहरमा China Xian Silk Road International Travel Exhibition (CSXRITE) 2016 मा र कुन्मिङ्ग शहरमा China International Travel Mart (CITM) 2016 मा नेपालका निजी क्षेत्रका पर्यटन व्यवसायी कम्पनी सहित नेपालको पर्यटन प्रवर्द्धन गरिएको । नेपालका निजी क्षेत्रका ८ वटा पर्यटन व्यवसायी कम्पनीहरु सहित नेपालको पर्यटन प्रवर्द्धन गरिएको । **पर्यटन मेला** फ्रान्सको पेरिसमा संयुक्त अधिराज्यको लण्डनमा वर्षेनी आयोजना हुने विश्वकै ठूलो B2B पर्यटन मेला World Travel Market (WTM) मा २४ वटा निजी नेपाली पर्यटन व्यवसायी कम्पनीहरु सहित सहभागिता जनाई विश्व पर्यटन बजारमा नेपालको पर्यटन प्रवर्द्धन गरिएको । साथै नेपाली राजदूताबास, लण्डन, बेलायतद्वारा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री जीवनबहादुर शाहीको उपस्थितिमा राजदूताबासमा Nepal Evening कार्यक्रमको आयोजना समेत गरिएको ।